annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ४७ पृष्ठ ८ | काठमाडौं, आइतबार १ असार २०८२ | आषाढ कृष्णपक्ष चतुर्थी नेपाल संवत् ११४५ | SUNDAY, JUNE 15, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# निर्दोष अमरको प्राणरक्षा तपाईंको हातमा छ, प्रधानमन्त्रीज्यू

**दार्चुलाका अमरबहादुर बम २२ वर्षदेखि दुबईको जेलमा 'मृत्युदण्ड' कुर्दै छन् । दुई भारतीय नागरिकले गरेको एक हत्या घटनामा उनी ड्राइभर भएकैले मात्र परिबन्दमा जोडिएका छन् । उनलाई हत्याबारे न थाहा थियो, न त्यसको योजना नै । तर, अदालतले 'मतियार' ठहऱ्यायो । त्यहाँका राजालाई हाम्रा प्रधानमन्त्रीले गएर आग्रह गर्ने हो भने 'आममाफी' सम्भव छ । अमरको अपिल छ, 'प्रधानमन्त्रीज्यू, कृपया मलाई बचाइदिनुहोस् ।'**

समाचार पृष्ठ २

अखण्ड भण्डारी | *काठमाडौं*

– को रिपोर्ट

# बर्खा लाग्यो कसरी बच्ने होला ?



**भूकम्प प्रभावित भेरी नगरपालिका–१ रावत गाउँ ।** ● राजेन्द्र कार्की

## भूकम्पपीडित टहरामै

**राजेन्द्र कार्की** | *जाजरकोट*

भूकम्पले घर भत्केपछि भेरी नगरपालिका-१ रावत गाउँकी कुसमीदेवी रावत टिनको टहरामा बस्न थालेको डेढ वर्ष बितिसक्यो। दुई कोठाको सानो टिनको घरमा दुई बूढाबूढीको कष्टपूर्ण गुजारा चलिरहेको छ। एउटा कोठामा लत्ताकपडा र सरसमान छन्। अर्को कोठामा खाना पकाउने र त्यही सुत्ने गरिन्छ। कष्टपूर्ण तरिकाले दुई हिउँद, दुई गर्मीयाम र एक बर्खा झेलिसकेकी उनलाई यो बर्खा पनि कसरी काट्ने भन्ने पिरलोले सताइरहेको छ। टिनको टहरामा पानी चुहिएर हैरान बनाउन थालेको छ। 'हावासहितको पानी परेको दिन कोठाभित्रै पसेर सुत्नै सकिँदैन। सरकारले पक्की घर बनाइदेला भन्ने आसैआसमा दुई वर्ष बित्न लागिसक्यो। अहिले पनि घाम लाग्दा पोल्ने र पानी पर्दा चुहिने टिनको अस्थायी कटेरो (घर) मा बस्न बाध्य छौं,' कुसमीदेवीले भनिन्, 'हाम्रो त बिजोग छ। पीडा कसले बुझिदिने ? '

उनीजस्तै अधिकांश भूकम्पपीडितको अवस्था यस्तै छ। २०८० कात्तिक १७ गते जाजरकोटलाई केन्द्र बिन्दु बनाएर गएको भूकम्पले जाजरकोट र रुकुमपश्चिममा ६० हजार बढी निजी आवासमा क्षति पुग्यो। ती परिवारलाई सरकारले अस्थायी आवासका लागि ५० हजार रुपैयाँ दियो। भूकम्पलगत्तै तत्काल नेताहरू आए। राहत बाँडे। सरकारमा रहेका मन्त्रीदेखि प्रधानमन्त्रीसम्मले पक्कीघर बनाइदिने आश्वासन पनि दिए।

गैरसरकारी संघसंस्था पनि थुप्रै आए तर अहिले विस्तारै सबै हराउँदै गएका छन्। पीडितहरूको अवस्था दिनप्रतिदिन बिजोग बन्दै गइरहेको छ। भूकम्प प्रभावित बस्तीहरूमा नेताहरू देखिन छाडेका छन्, सरकारी उपस्थिति पातलिँदै गएको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरू पनि पुनर्निर्माणमा जुट्न सकेनन्। पीडितहरू सहयोग पाउला र पक्कीघर बनाउला भनेर कुर्दाकुर्दै निराश बन्न थालेका छन्।

भूकम्प गएको लामो समयसम्म पनि क्षतिको विस्तृत तथ्यांक संकलन (डीडीए) हुन नसक्दा पुनर्निर्माण प्रक्रिया ओझेलमा परेको थियो। सरकारले गत फागुन अन्तिम साता जाजरकोटको रिम्नामा भूकम्पीय पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना कार्यान्वयन एकाइ कार्यालय स्थापना गरेपछि पीडितहरूमा पुनर्निर्माणको काम अघि बढ्ने भो भनेर केही आशा पलाएको थियो।

कार्यालय उद्घाटन गर्न पुगेका गृहमन्त्री रमेश लेखकले जाजरकोट र रुकुमपश्चिममा गएको भूकम्पको पुनर्निर्माण र पुनर्स्थापनामा ढिलाइ नहुने बताएकै तीन महिना बितिसकेको छ।

अहिलेसम्म जति भए पनि अब ढिला नहुने उनको जिकिर थियो। मन्त्री लेखकले वर्तमान सरकारले पुनर्निर्माण कार्यविधि, मापदण्ड, केही ऐन संशोधन गरेर विस्तृत क्षतिको आकलन (डीडीए)को काम अघि बढिसकेकाले पुनर्निर्माणले गति लिने र एउटा वडाको डीडीए सकियो भने त्यही वडाबाट पुनर्निर्माणको काम अघि बढाउने बताए पनि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले डीडीएकै काम अहिलेसम्म सकेको छैन। भूकम्प प्रभावित नागरिकका निजी घरको पुनर्निर्माणमा ढिलाइ हुँदा पीडितहरू निकै मर्कामा परेको नलगाड नगरपालिका प्रमुख डम्बरबहादुर रावतले बताए। पीडितहरू टिनको टहरामा कष्टपूर्वक गुजारा चलाउन बाध्य छन्। संघीय सरकारको अनुदान सहायताको आसमा पीडितहरू लामो पर्खाइपछि पनि सहायता नपाउँदा निराश छन्,' नगरप्रमुख रावतले भने, 'पुनर्निर्माणका लागि स्थानीय तहसँग बजेट छैन, संघीय सरकार नागरिकका पीडा सुन्दैन।'

जाजरकोटका प्रमुख जिल्ला अधिकारी मेखबहादुर मग्रांतीले डीडीए गर्न र भेरीफाई गर्ने कार्य भइरहेकाले पुनर्निर्माणमा ढिलाइ भएको बताए। उनले भने, 'केही लाभग्राहीको केही दिन अघिमात्र भेरीफाई (प्रमाणीकरण) भएर स्थानीय तहमा लाभग्राहीको सूची पुगेको जानकारी पाएका छौं। स्थानीय तहले सोही सूचीको आधारमा माग गर्नेबित्तिकै आवश्यक बजेटका लागि प्राधिकरणमा सिफारिस गरेर पठाउँछौं। बजेट आउनेबित्तिकै पुनर्निर्माणको प्रक्रिया अघि बढ्छ।' सरकारले निजी आवासको पुनर्निर्माणका लागि प्रतिपरिवार ४ लाख रुपैयाँ दिने घोषणा गरेको छ।

» बाँकी पृष्ठ ३

## इरानद्वारा इजरायलमा जवाफी आक्रमण

**तेहरान** (एजेन्सी): इस्लामिक गणतन्त्र इरानको आणविक र सैन्य सुविधालाई लक्षित गरी इजरायलले गरेको आक्रमण पछि इरानले शनिबार इजरायलमा जवाफी आक्रमण गरेको छ।

शनिबार इजरायली सेनाले बासिन्दाहरूलाई सुरक्षित आश्रयमा शरण लिन आह्वान गर्दै इरानबाट दर्जनौं क्षेप्यास्त्र प्रहार गरिएको बताएको छ। इरानले इजरायलका दर्जनौं लक्ष्यहरूमा आक्रमण गर्दा तेल अवीवको डाउनटाउनका भवनहरूमाथि धुवाँ उडिरहेको एएफपीले जनाएको छ। इजरायली अग्निशमन सेवाले आफ्नो टोलीले इरानी क्षेप्यास्त्र आक्रमणको प्रतिक्रियामा प्रतिक्रिया दिँदै भवनमा फसेका मानिसहरूलाई उद्धार गर्ने काम गरिरहेको बताएको छ।

इजरायली मिडिया रिपोर्टका अनुसार गुस दान क्षेत्रबाट ३४ जना घाइतेको उद्धार गरेको उद्धारकर्ताहरूले बताएका छन्। उनीहरूका अनुसार तीमध्ये एक महिलाको उपचारको क्रममा मृत्यु भएको थियो।

इरानको राजधानी तेहरानमा शनिबार मेहराबाद विमानस्थलबाट आगो र भारी धुवाँ निस्किएको एएफपीले जनाएको छ भने स्थानीय मिडियाले उक्त क्षेत्रमा विस्फोट भएको रिपोर्ट गरेका छन्।

यसअघि इरानले आफ्नो हवाई रक्षा प्रणाली सक्रिय गरेको र राजधानी भरि विस्फोटको आवाज सुनिएको बताएको थियो। दर्जनौं मानिसहरू आफ्नो देशको सैन्य प्रतिक्रियालाई उत्साहित गर्न तेहरानको सडकमा राष्ट्रिय झण्डा फहराउँदै इजरायल विरोधी नारा लगाएको जनाइएको छ।

संयुक्त राष्ट्रसंघका लागि इरानी राजदूतले शुक्रबार इजरायलले गरेको आक्रमणमा ७८ जनाको मृत्यु हुनुका साथै ३२० जना घाइते भएको बताएका छन्।

अन्नपूर्ण ईभी ऱ्यालीको चौथो संस्करण

# स्वच्छ वातावरणमा जोड, स्वस्थ जीवनको सन्देश

### वातावरण संरक्षणको मुद्दालाई अत्यन्त महत्व दिएर सरकार अगाडि बढिरहेको छ : अर्थमन्त्री

**सुनिता कार्की** | *काठमाडौं*





तस्बिर : सुनिता डंगोल

उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले स्वच्छ वातावरण सहितको विकास गर्नुपर्ने आवश्यकता रहेको बताएका छन्। अन्नपूर्ण मिडिया नेटवर्कको शनिबार राजधानीमा आयोजना गरेको चौथो 'ईभी ऱ्याली' को औपचारिक कार्यक्रमलाई सम्बोधन गर्दै उनले वातावरण संरक्षणको प्रश्नलाई अत्यन्त महत्वपूर्ण लिएर सरकार अगाडि बढिरहेको बताएका हुन्।

'वातावरण संरक्षणको मुद्दा कुनै देश विशेषको होइन। पृथ्वीको साझा विषय हो। यो विषयमा संसारभर छलफल भइरहेको र वातावरणको पक्षमा योजना बनिरहेका छन्।' अर्थमन्त्री पौडेलले भने, 'एकातिर विकासको आवश्यकतालाई सम्बोधन गर्नु छ। अर्कोतिर स्वच्छ वातावरणको सुरक्षा गर्नु छ। स्वच्छ वातावरण सहितको विकास प्रत्याभूत गर्नु छ।'

उनले सरकारले जलवायु परिवर्तन र वायु प्रदूषण न्यूनीकरणलाई अत्यन्त महत्वपूर्ण ग्रहण गरेको बताए। अन्तर्राष्ट्रिय मञ्चहरूमा पनि स्वच्छ वातावरणको पक्षमा पैरवी गर्दै आएको बताउन सरकारले सचेतना जगाउन र नीति निर्माणमा पनि ध्यान दिइरहेको उल्लेख गरे।

रिसाइकलिङ (पुनः प्रयोग) नहुने पातलो प्लास्टिकको उत्पादन रोक्न सरकार लागि परेको उनले बताए। उपत्यकाको प्रदूषण कम गर्न मोफसलमा जान चाहनेलाई निःशुल्क लिज उपलब्ध गराउने गरी बजेट निर्माण गरिएको बताए। उनले सरकारले यही वैशाखमा गरेको सगरमाथा संवादको घोषणापत्र कार्यान्वयनलाई विश्वव्यापी रूपमा लैजाने बताए। कार्यक्रममा अन्नपूर्ण मिडिया नेटवर्कका अध्यक्ष क्याप्टेन रामेश्वर थापाले वातावरण संरक्षणका लागि 'ड्राइभ ग्रीन ब्रिथ क्लिन' भन्ने नाराका साथ अभियान थालिएको बताए। उनले मिडियाको काम समाचार सम्प्रेषण गर्ने मात्र नभई वातावरण संरक्षणमा पनि भूमिका खेल्नुपर्ने सोचेर यो अभियान अगाडि बढाइएको बताए।

उनले हिमालमा हिउँको सीमारेखा र तह घट्दै गएको उल्लेख गरे। जलवायु परिवर्तन र वातावरण प्रदूषणको असर हिमालमा देखिएको र कालो हिमाल हेर्दा दिक्क लाग्ने गरेको बताउँदै क्याप्टेन थापाले भने, 'जलवायु परिवर्तनका असरबाट सुन्दर हिमाल कालो पहाड देखिन थालेका छन्। हिमालमै हिउँ पर्न छाडिसकेका छन्। कालो हिमाललाई के हुन्छ ? मानव सभ्यतालाई कस्तो असर पुग्छ भनेर सोच्ने बेला आएको छ। हामीमाथि अन्याय भएको छ। हामी सबै हिमाल र वातावरण जोगाउन लाग्नुपर्छ।' कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले वातावरण प्रदूषणमा पीएम २.५ को असर भयावह बन्दै गएको बताए। उनले सफा र हरित विकासमा जानका लागि विद्युतीय सवारी (ईभी) को विकल्प नभएको उल्लेख गरे। पछिल्ला वर्षमा सरकारले ईभीमैत्री नीति लिइरहेको भन्दै यसको पूर्वाधार विकासमा पनि उत्तिकै ध्यान दिनुपर्ने औंल्याए। यसका लागि जलविद्युत् उत्पादनमा पनि निजी क्षेत्रमैत्री नीति ल्याउन जरुरी रहेको बताए।

अन्नपूर्ण पोस्ट्का प्रधान सम्पादक अखण्ड भण्डारीले वातावरणीय मुद्दालाई विश्वका शक्ति राष्ट्रले गम्भीरतापूर्वक लिनुपर्नेमा जोड दिए। 'सबैभन्दा धेरै कार्बन उत्सर्जन गर्ने राष्ट्रहरू जलवायु परिवर्तनको मुद्दालाई पन्छाइरहेका छन्। हामी अति कम उत्सर्जन गर्ने देश हिमाल सुक्खा भएको रमिता हेर्न बाध्य छौं', उनले भने, 'यस परिप्रेक्ष्यमा अन्नपूर्ण मिडिया नेटवर्कले गर्दै आएका अभियान सचेतनामूलक र नीति निर्मातालाई ध्यानाकर्षण गराउने अपेक्षा राखेका छौं।'

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) का अध्यक्ष गणेश कार्कीले नेपालमा उत्पादित बिजुलीको खपत बढाउन ईभीले भूमिका खेलिरहेको बताए। बिजुली खपत बढाउन ईभीमा नभई घरको चुल्होबाट पनि सुरु गर्नुपर्ने उल्लेख गरे। अन्नपूर्णले गरेको वातावरण जोगाउने प्रयासमा निजी ऊर्जा प्रबर्द्धकको साथ रहेको बताए।

» बाँकी पृष्ठ ३